annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ माघ २०८१ | मार्ग कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४५ | FRIDAY, JANUARY 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बगर बन्यो नमुना वन, वनले फेरियो गाउँलेको जीवन

परमानन्द पाण्डे | टीकापुर
– को रिपोर्ट



बेतबाँसबाट निर्माण गरिएका फर्निचरहरू (माथि)। सत्ती कर्णाली सामुदायिक वनमा बेतबाँस। ● परमानन्द पाण्डे



हरियो वन, नेपालको धन, यो त राष्ट्रिय नारा नै भयो । नारामा भनिए जस्तो वनबाट स्थानीयले लाभ नपाएको गुनासो पनि उस्तै छ । तर, कैलालीको सत्ती कर्णाली वनको इतिहास बेग्लै छ । कर्णालीले बगरैबगर बनाएको स्थानलाई वनमा रूपान्तरण गरेका स्थानीयका लागि आज त्यही वन वरदान बन्दैछ । बेतबाँसको मनग्य उत्पादनले स्थानीयलाई रोजगारी दिएको छ । निर्यातमा योगदान पुऱ्याएको छ । गाउँमा सानातिना विकास निर्माणका लागि कुनै सरकारको मुख ताक्नु पर्दैन । नमुना वन बनेको छ ।

समाचार पृष्ठ २

## निकुञ्ज र संरक्षण क्षेत्रमा विकास आयोजना सञ्चालन गर्न नपाइने



**काठमाडौं** (अन्नपूर्ण): सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रमा लगानी बोर्डबाट स्वीकृत भएका आयोजना वा राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न पाउने व्यवस्था खारेज गरेको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्मा सम्मिलित संवैधानिक इजलासले राष्ट्रिय निकुञ्ज ऐनमा थप गरिएको दफा ५ क र दफा ६ (१ क) लाई अमान्य र बदर गरेको हो। यो आदेशमा न्यायाधीश मल्लले फरक दृष्टिकोणसहित समवर्तीय राय जनाएकी छिन्। अर्का न्यायाधीश फुयालले फरक राय दिएका छन्।

अधिवक्ता दिलराज खनालगायतले निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रभित्र पूर्वाधार निर्माण गर्न दिने गरी संशोधित ऐन बदर गर्न माग गर्दै रिट दायर गरेका थिए। सर्वोच्चले लगानी सहजीकरणसम्बन्धी केही केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को दफा ३ बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएको व्यवस्थाहरू प्रारम्भदेखि नै बदर गरेको हो। 'नेपालको संविधानको धारा ३० मा मौलिक हकको रूपमा रहेको संवैधानिक व्यवस्थाले स्वच्छ वातावरणको हकको सुनिश्चितता गरेको छ। भौतिक विकासको आवश्यकताले वातावरणमा अपूरणीय क्षति पुग्ने असमान भारलाई अनुमति प्रदान गरेको मान्न मिल्दैन,' आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा ५१ मा उल्लेख गरिएका राज्यका नीतिहरूको परिपालना गर्नु राज्यको दायित्व रहने भनी नेपालको संविधानको धारा ५२ मा व्यवस्था गरिएको छ। संविधानको धारा ५१ (छ) ले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिले मूलत: प्रकृति, वातावरण र जैविक विविधताको संरक्षण र संवर्द्धनलाई उच्च प्राथमिकतामा राखेको छ।'

# सहमतिमै अध्यादेश, सहमतिअनुसार काम गर्न मन्त्रीलाई निर्देशन

**राधा खनाल** | *काठमाडौं*

सत्तासीन कांग्रेस सभापति शेरबहादुर देउवाले सत्ता गठबन्धनमा कुनै समस्या नभएको भन्दै दुई दलको सहमतिअनुसार काम गर्न मन्त्रीलाई निर्देशन दिएका छन्। संघीय सरकारमा सहभागी कांग्रेस पार्टीका १२ मन्त्रीसँग बिहीबार छलफल गर्दै सभापति देउवाले यस्तो निर्देशन दिएका हुन्।

देउवा निवास बूढानीलकण्ठमा कांग्रेस संसदीय दल कार्यसमिति र मन्त्रीहरूको संयुक्त बैठक बसेको थियो। उक्त अवसरमा देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीसँग कुनै समस्या नभएको स्पष्ट गरेका हुन्। 'दुई ठूला दल मिलेर सरकार बनेको छ। एमाले र कांग्रेसको सहमतिमा अघि बढ्ने हो,' सभापति देउवाको भनाइ उद्धृत गर्दै गृहमन्त्री रमेश लेखकले भने, 'सरकारमा कुनै समस्या छैन। मुलुकमा सुशासन र आर्थिक समृद्धि गर्ने हो। यसमा केन्द्रित भएर काम गर्नुस्। सरकारमा कुनै बाधा व्यवधान अप्ठ्याराहरू छैनन्।'

आ-आफ्नो मन्त्रालयमा थप राम्रो काम कसरी गर्ने भन्नेबारे मन्त्रीहरूले सभापति देउवालाई 'ब्रिफिङ' गरेका थिए। उनीहरूले दुई दलबीच भएको सातबुँदे सहमतिमा आधारित भई सेवा प्रवाहको क्षेत्रमा सुशासन कायम गर्ने प्रतिबद्धता जनाएका थिए। कांग्रेस संस्थापन इतर पक्षका नेता डा. शेखर कोइराला र संस्थापन पक्षकै केही नेताहरूले सरकारका कामकारबाहीप्रति असन्तुष्टि व्यक्त गरिरहेका बेला देउवाले भने गठबन्धनमा कुनै समस्या नभएको मन्त्रीहरूलाई जानकारी गराएका हुन्।

**सहमतिमै अध्यादेश**

बैठकमा कांग्रेस महामन्त्री गगन थापाले सहमतिमा अध्यादेशहरू जारी भएकाले त्यसको चर्चा/परिचर्चा गर्न आवश्यक नभएको जानकारी मन्त्रीहरूलाई गराएका थिए। 'हामीसँग छलफल नै गरेर अध्यादेश ल्याइएकाले महामन्त्रीज्यूले यसबारे चर्चा, परिचर्चा गर्न आवश्यक छैन भन्नुभयो,' बैठकपछि मन्त्री चौधरीले भने। विपक्षी दलहरूले भने संसद् छलेर पाँच वटा अध्यादेश जारी भएको भन्दै विरोध गरिरहेका छन्।

पुस २६ को मन्त्रिपरिषद् बैठकले पाँच वटा अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको थियो। सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश,



आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिबाट जारी भएका छन्।

**२ दिन जनताका गुनासो सुन्न निर्देशन**

मन्त्रीहरूसँगको छलफलपछि संसदीय दल केन्द्रीय कार्य सम्पादन समितिले पार्टीबाट मन्त्री बनेकाहरूलाई पाँच दिन मन्त्रालयको काम गर्न र बाँकी दुई दिन जनताको गुनासो सुन्न निर्देशन दिएको छ। प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार दुई दिन पार्टीका नेता/कार्यकर्ताहरूसँग पार्टी कार्यालयमा भेटेर जनताका आवाज सुन्ने र पाँच दिन मन्त्रालयको काममा लाग्न निर्देशन दिइएको हो। 'हप्तामा दुई निश्चित दिन खुला भेटघाट गर्ने, मन्त्रीहरूले,' घिमिरेले भने, 'आलोपालो सिस्टमबाट हप्तामा दुई दिन पार्टीबीचमा गएर भेटघाट गर्ने। कार्यकताहरूसँग भेट्ने, नागरिकको गुनासो सुन्ने। सुझाव लिने। बाँकी पाँच दिन मन्त्रालयको काममा केन्द्रित हुने।'

» बाँकी पृष्ठ ६

## राष्ट्रिय स्वार्थ र आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राख्न परराष्ट्रमन्त्रीको निर्देशन



**काठमाडौं** (अन्नपूर्ण): परराष्ट्रमन्त्री आरजु राणा देउवाले विदेशमा रहेका सबै नेपाली मिसन प्रमुखहरूलाई नेपालको राष्ट्रिय स्वार्थ र आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएकी छन्। मन्त्री राणाले बिहीबार भर्चुअल सम्बोधन गर्दै सो निर्देशन दिएकी हुन्।

'आर्थिक कूटनीति पनि नेपालको परराष्ट्र नीतिको एक अभिन्न अंगका रूपमा हामीले अघि बढाइरहेकाले नेपालको विकासको आकांक्षा र आर्थिक वृद्धिका लागि सहयोग पुऱ्याउने गरी कुनै पनि क्षेत्रको अन्वेषणमा लाग्नुहोस्, जसले नेपालमा आर्थिक लगानी आकर्षित गर्न सहयोग पुगोस्,' उनले भनिन्।

आफू रहेका देश तथा स्थानका सम्भावनालाई नेपालसँग जोडेर त्यसबाट कसरी लाभ लिन सकिन्छ र मुलुकको आर्थिक विकासका प्रयासहरूलाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा सोचेर काम गर्न मन्त्री राणाको निर्देशन थियो।

# साना-मझौला व्यवसायीलाई पुँजी जुटाउने बाटो खुल्यो

**ममता थापा** | *काठमाडौं*

थोरै पुँजी भएका कम्पनीलाई व्यवसाय विस्तारका लागि थप पुँजी जुटाउने बाटो खुलेको छ। नेपाल धितोपत्र बोर्ड (सेबोनले) साना तथा मझौला संगठित संस्था (एसएमई) को धितोपत्र निष्कासन तथा कारोबार नियमावली बिहीबारबाट लागू गरेको हो।

अब साना-मझौला संगठित संस्था (एसएमई) पब्लिक कम्पनीले पनि सर्वसाधारणलाई सेयर जारी गर्न पाउनेछन्। तर, यस्ता खाले आईपीओमा १० कित्ता सेयरका लागि आवेदन दिन भने पाइने छैन। नियमावलीले यस्ता कम्पनीमा कम्तीमा पाँच सय कित्ताका लागि आवेदन दिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। एसएमई कम्पनीमा उच्च जोखिम हुने भएकाले न्यूनतम पाँच सय कित्ताको व्यवस्था गरिएको सेबोनका प्रवक्ता निरञ्जय घिमिरे बताउँछन्। १० कित्ता सेयरमा आवेदन दिँदा कम्तीमा एक हजार रुपैयाँले पुग्थ्यो। पाँच सय कित्ताको लागि भने ५० हजार रुपैयाँ चाहिन्छ।

अझ कम्पनीले प्रिमियममा सेयर निष्कासन गर्न सक्ने स्थिति आएमा लगानीको भार झनै बढी हुन्छ। यसर्थ साना लगानीकर्ताका लागि भने यो व्यवस्था उपयुक्त नभएको सरोकारवाला बताउँछन्। सेयर बजारमा जोखिम मोल्न सक्नेलाई भने उपयुक्त प्लेटफर्म हो। 'यसअघि साना र ठूला कम्पनीलाई एउटै व्यवस्था हुँदा व्यावहारिक रूपमा मिलेको थिएन,' सेबोनका प्रवक्ता घिमिरे भन्छन्, 'सामान्य पुँजी भएका कम्पनीलाई बजारमा प्रवेश गराउँदा उच्च जोखिम हुने भएकाले आईपीओ आवेदन नै न्यूनतम पाँच सय कित्ता राखिएको हो। जोखिम लिनेहरूले मात्रै आवेदन दिन्छन्। साना लगानीकर्ताहरूलाई यस्तो जोखिम लिन नपरोस् भन्ने यसको उद्देश्य हो।'



- यस्ता कम्पनीमा कम्तीमा पाँच सय कित्ताका लागि आवेदन दिनुपर्ने अनिवार्य व्यवस्था गरेको छ
- २५ करोड रुपैयाँ चुक्ता पुँजी भएका कम्पनीले आईपीओ निष्कासन गर्न पाउने

सेयरविज्ञ देव गुरागाईं सेबोनले अब १० कित्ते नीतिलाई क्रमश: निरुत्साहित गर्दै जान खोजेको संकेत देखिएको बताउँछन्। 'कम्तीमा पाँच सय कित्ता हाल्नुपर्ने कुराले साना तथा मझौला कम्पनीमा साना लगानीकर्तालाई बेवास्ता गरेको पाइयो,' गुरागाईं भन्छन्,' पीईभीसी (प्राइभेट इक्विटी भेन्चर क्यापिटल) लाई एक वर्ष लकिङ पिरियड, अरूलाई तीन वर्ष पनि अलि नमिलेको जस्तो देखिन्छ। किनकि कतिपय प्राइभेट इक्विटी फन्डको लाइसेन्स लिने ग्रुपहरू मर्चेन्ट बैंकरकै हुन्छन्। अरू ठीक छ। देशलाई चाहिने कुरा हो। नेप्सेमा एउटा समूह थप हुन्छ । व्यवसाय गर्न चाहनेले पुँजी सजिलै उठाउन पाउँछन्।'

थप पुँजी आवश्यक पर्ने साना तथा नयाँ स्टार्टअप कम्पनीलाई प्रोत्साहन गर्न उनीहरूले पनि सेयर जारी गर्ने व्यवस्था गरिएको सेबोनले जनाएको छ। नियमावली अनुसार २५ करोड रुपैयाँ चुक्ता पुँजी भएका कम्पनीले आईपीओ निष्कासन गर्न पाउनेछन्। तर संगठित संस्थाको उपस्थिति र बजारको अवस्था हेरी अधिकतम सीमा घटाउन वा बढाउन सक्ने अधिकार बोर्डलाई दिइएको छ। त्यसका लागि सरकार तथा अर्थ मन्त्रालयको स्वीकृति भने लिनुपर्ने हुन्छ।

यस्तै, धितोपत्रको सार्वजनिक निष्कासनका लागि कम्पनीले जारी पुँजीको ३० प्रतिशतभन्दा घटी र ४९ प्रतिशतभन्दा बढी नहुने गरी आईपीओ निष्कासन गर्न सक्ने व्यवस्था छ। संगठित संस्थाले आईपीओ निष्कासन गर्नुअघि प्रारम्भिक सार्वजनिक निष्कासन गरिने धितोपत्रको ५ प्रतिशत सोको निष्कासन तथा बिक्री प्रबन्धसम्बन्धी कार्य गर्ने मर्चेन्ट बैंकरले र १५ प्रतिशत योग्य संस्थागत लगानीकर्ताले खरिद गरेको हुनुपर्नेछ। 'सेयर निष्कासन गर्न पब्लिक कम्पनी भएर कारोबार सञ्चालन गरेको एक वर्ष पूरा गरेको, मर्चेन्ट बैंकर र योग्य संस्थागत लगानीकर्ताले खरिद गरेको धितोपत्र सर्वसाधारणलाई धितोपत्र बाँडफाँट भएको मितिले तीन वर्षसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन,' नियमावलीमा उल्लेख छ।

» बाँकी पृष्ठ ६